आज मिति २०८२/१०/१३ गते मंगलबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | [signature] |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | [signature] |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | [signature] |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | [signature] |
| ६ | श्री छेदी ईसर | सदस्य | [signature] |
| ७ | श्री गंगाराम यादव | सदस्य | [signature] |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | [signature] |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | [signature] |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | [signature] |
| १५ | श्री हरिमोहन सुतिहार | सचिव | [signature] |

प्रस्ताव नं. १ : सडक बोर्ड नेपाल तर्फका योजना सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा सडक वोर्ड तर्फ तपशिल बमोजिमका योजनाहरु छनौट गरी माँग गर्ने निर्णय गरियो ।

तपशिल

क. रुपनी २ कटैया मोड देखी रुपनी ४ भथौल सम्मको सडक स्तर उन्नती कार्य

ख. . रुपनी २ वडा कार्यालय पिप्राही देखी पुर्व खाडो खोला सम्मको सडक स्तर उन्नती कार्य

प्रस्ताव नं. २ : समपुरक तथा बिशेष अनुदान माँग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा अगामी आ.व. २०८३/०८४ का लागि तपशिल बमोजिम संघीय समपुरक तथा बिशेष अनुदान तर्फका योजना कार्यक्रमहरु माँग गर्ने निर्णय गरियो ।

तपशिलः

क. रुपनी ४ मुख्य सडक कालोपत्रे (रुपनी ४ पम्प नहर देखी लौवापार सम्म सडक निर्माण)

ख. अधुरो रुपनी देवी मन्दिर र मानपुर दास राम जानकी मन्दिर निर्माण रुपनी १

ग. कटैया स्कुल देखी दक्षिण कमला माई थान हुदै डाक्नेश्वरी न.पा. सिमा सम्मको सडक निर्माण रुपनी ३

घ. बिरेन्द्र बजार तेरहौता हुदै हरिहरपुर सिमा सम्मको सडक रुपनी ६

ङ. जनता मा.वि. बसविट्टीमा छात्रावास निर्माण रुपनी ५

च. गाउँपालिका प्रशासनिक भवन निर्माण

प्रस्ताव नं. ३ : प्रदेश सरकार समपुरक र विशेष अनुदानको योजना कार्यक्रम छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपशिल बमोजिमका प्रदेश सरकारका समपुरक र विशेष अनुदानका योजना कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

तपिशल

समपुरक अनुदान

क. जुगेश्वर साहको घर देखी खाँखी बाबा थान सम्म बाटो स्तर उन्नती रुपनी ५ कुमरौल

बिषेश अनुदान

क. गाउँपालिका भरी खानेपानीको लागि समरसिवल बोडिङ्ग तथा खानेपानी ट्युवेल खरिद र जडान

प्रस्ताव नं. ४ : योजनाहरुको ठेक्का प्रकृया सम्बन्धमा ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगको समपुरक अनुदान अन्तर्गत कृषि विउ प्रशोधन केन्द्र खपेट खेल मैदान हरिरवा र वडा नं. ४ वडा स्तरिय अधुरो वडा कार्यालय भवन निर्माण कार्य सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ वमोजिम विद्युतिय बोलपत्र अहवान गरि खरिद प्रकृया अगाडी वढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५ : भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/८२ मा सडक बोर्ड नेपालबाट स्वीकृत भई यस गाउँपालिका मार्फत संचालन भएका योजना कार्यक्रमहरुको सम्झौता, कार्यदिश भई सोको कार्य सम्पन्न प्रतिवेदन बमोजिम भुक्तानी हुन गत आ.व.मा रकम प्राप्त नभएकोले सोको प्राविधिक मुल्याकन अनुसारको प्राप्त रकम र साझेदारी वापतको रकम गाउँपालिका स्तरिय समपुरक कोषबाट गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ६ : विविध ।

क. रुपनी ६ श्री गेड सिंह युवा समुहबाट संचालन भएको फुटवल प्रतियोगिताका लागि पेश भएको प्रस्तावना तथा खर्चको पुष्टाइको आधारमा गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम शिर्षकबाट रकम रु. ४० हजार उपलब्ध गराउने निर्णय गरियो

ख. रुपनी १ मदिना क्रिकेट समितिबाट संचालन भएको क्रिकेट प्रतियोगिताको लागि पेश भएको प्रस्तावना तथा खर्चको पुष्टाइको आधारमा गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम शिर्षकबाट रकम रु. २० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ग. लक्ष्मी पुजा, छठ पर्व लगायत धार्मिक तथा संस्कृतिक कार्यक्रमका लागि गाउँपालिकाबाट रकम माँग भई पेश भएका संस्था/समुह/समिति/कलबहरुलाई पेश भए बमोजिमको प्रस्तावना र खर्चको पुष्टाइका आधारमा अधिक्तम रकम रु. १५ हजार सम्म श्रीमान् अध्यक्ष ज्यूको तोक आदेशानुसार उपलब्ध गराउने साथै लक्ष्मी पुजा, छठ पर्वमा भएको सरसफाई तथा माटो पुर्ने/सम्याउने कार्यमा प्रयोग भएको ट्राक्टर/JCB को प्राविधिक मुल्याकन बमोजिमको रकम विभिन्न संघ संस्था तथा विविध धार्मिक तथा संस्कृतिक, महोत्सव कार्यक्रममा सहयोग अनुदान शिर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

घ. रुपनी राजविराज सडक तथा महेन्द्र राजमार्गको रुपनी बजारमा निर्माणाधिन सडकबाट निर्माणको क्रममा निसकेको भरौट/माटो/ग्राभेल रुपनी गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरुमा मर्मत सम्भारमा प्रयोग भएकोले प्राविधिक मुल्याकन बमोजिम ढुवानी र सम्याउने कार्यमा प्रयोग भएको ट्राक्टर/JCB को प्राविधिक मुल्याकन बमोजिमको रकम गाउँपालिका स्तरिय मर्मत सम्भार कार्यक्रम शिर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ङ. रुपनी ३ हर्दिया टोल कमला माई मन्दिरमा मिति २०८२/१०/१४ देखि १६ गते सम्म संचालन हुने प्राणप्रतिष्ठा, अष्टजामका लागि खर्चको पुष्टाई र प्रस्तावना र विल भरपाई बमोजिम रकम रु. ६० हजार विभिन्न संघ संस्था तथा विविध धार्मिक तथा संस्कृतिक, महोत्सव कार्यक्रममा सहयोग अनुदान शिर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

च. रुपनी ६ बिरेन्द्र वजार देखी तेरहौता मा.वि. जाने वाटोको उपेन्द्र साहको घर देखि सकलदेव यादवको घर सम्मको वाटोमा वर्षातको समयमा सडकमा माटो ग्राभेल भएकोमा सोको

प्राविधिक ल.ई., मुल्याकन तथा खर्चको पुष्टाईका आधारमा रकम भुक्तानी हुन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

छ. आर्थिक बर्ष २०८२/०८३ को लागि गाउँसभाबाट विनियोजित योजना तथा कार्यक्रमहरु प्रचलित कानुन बमोजिम संचालन प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ज. गाउँपालिकाको चालु आ.व.२०८२/८३ को स्वीकृत योजना तथा कार्यक्रम तर्फ स्काभेटर (ब्याकहु लोडर) खरिदका लागि ५० लाख रकम बिनियोजन भएकोमा सोको खरिद कार्यका लागि श्री यतायात व्यवस्था कार्यालय विरगंजबाट तयार भएको स्पेशिफिकेशन तथा लागत अनुमान स्वीकृत गरि विनियोजित बजेटमा नपुग रकम गाउँपालिकाको समपुरक कोषबाट भुक्तानी हुने गरी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिमको खरिद प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।